# सान्नी त्रिवेणी गाउँपालिकाको पहिरो

# आकस्मिक योजना

परामर्शदाता

इन्भाईरोन्मेन्ट एण्ड इन्जिनियरिंग रिसर्च सेन्टर प्रा.लि

कोटेश्वोर- ३५ काठमाण्डौ

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलगुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

## तालिका


१. परिचय........................................................................१

२. पहिरो जोखिम..................................................................२

३. सान्नी त्रिवेणी गाउँपालिकाको विपदको परिदृश्य.....................................४

४. सान्नी त्रिवेणी गाउँपालिकाको प्रतिकार्य रणनीति.....................................६

५. सबैभन्दा सम्भावित र खराब परिदृश्यको लागि संचालनगत तथा पूर्व कार्यसंचालनगत योजना......७


नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## १. परिचय

सान्नी त्रिवेणी गाउँपालिका समुद्री सतहको न्यूनतम ७५४ मिटर देखि अधिकतम १५९१ मिटर सम्मको उचाईमा रहेको छ । भौगोलिक रुपमा यो अक्षांश २९.०५३१० उत्तर देखि देशान्तर ८१.३४२५६० पूर्वमा रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा रास्कोट गाउँपालिका, पश्चिममा नरहरीनाथ गाउँपालिका, उत्तरमा बाजुराको जगन्नाथ गाउँपालिका तथा दक्षिणमा खाँडाचक्र गाउँपालिका रहेका छन् ।

समुद्री सतह वाट ७५४ देखि १५९१ मिटर सम्म उचाईमा रहेको सान्नी त्रिवेणी गाउँपालिका विविध भौगोलिक भूवनोट सँगै हावापानीमा पनि विविधता भएको पालिका हो । यहाँ पर्वत शृङ्खलाको भिरालो पहाडमा उष्ण, उतोष्ण देखि लिएर समशितोष्ण, शितोष्ण, किसिमको हावापानी पाइए तापनि खास समशितोष्ण हावापानीको प्रधानता रहेको छ । यो गाउँपालिका पहाडै पहाडले भरिएकाले हिउँदमा लेकहरूमा तथा गाउँपालिकासम्म हिउँ पर्ने र ठण्डा हावाको प्रभावले गर्दा चिसो रहन्छ र गृष्म ऋतुमा मनसुनी वर्षा हुने गर्दछ । यसैगरि चैत्र, बैशाख महिनामा तीव्र हावाहुरी चल्ने गर्दछ ।

सान्नी त्रिवेणी गाउँपालिका सुख्खा खडेरी, हावाहुरी, आगलागी, बाढी, पहिरो, चट्टयाङ, भूकम्प, महामारी तथा रोग किरा, जस्ता प्रकोपको दृष्टिले अत्यन्त जोखिम को रुपमा रहेको देखिन्छ । त्यसका अलावा यस भेगमा हिमपात, डढेलो, असीना, मिचाहा प्रजाती, जङ्गली जनावरको आक्रमण जस्ता प्रकोपले बर्षेनी मानिस तथा धनजनको क्षति गर्ने गरेको पाईन्छ । यसरी यो क्षेत्र बहु–प्रकोपको हिसावले जोखिममा रहेको भएता पनि हालका वर्षहरुमा पहिरोको व्यापकता अलि बढी देखिएको छ । तसर्थ पहीरोको असरलाई कम गर्न स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको प्रयोग गरी, भल काट्ने, चपरी पुर्ने जस्ता परम्परागत प्रविधीलाई पनि आत्मसाथ गर्न बाञ्छनीय देखिन्छ । यस्तै तथ्यलाई मनन गर्दै विकासको प्रक्रियामा मूलप्रवाहीकरण गर्ने उद्देश्यले पहिरोको सन्दर्भमा विपद भइ हाले गाउँपालिकाद्वारा त्यसलाई प्रतिकार्य गर्न यो आकस्मिक योजना तयार गरी कार्यान्वयनका लागि पहल गर्न खोजिएको छ ।

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## २. पहिरो जोखिम

भिरालो जमिन तथा कमजोर भूवनावटको कारण गाँउपालिकाको सबै वडाहरु पहिरोको जोखिममा परेको छन् त्यसमा पनि लुसाको दब्बण पहिरो वडा नं १, रेगीलको पहिरो वडा नं १, स्याउली वजारको पहिरो वडा नं २, कयारी मोह्ेपहडाको पहिरो वडा नं ३, तिकुवा बाँस ठानाको पहिरो वडा नं ४, मालुकुलाको पहिरो वडा नं ४, पगाती गाउँ भन्दा तलको पहिरो वडा नं ४, वेन्नी पाटा पहिरो वडा नं ४, कुलदेव पहिरो वडा नं ४, बुका खोला पहिरो वडा नं ५, गैरिगाउँ पहिरो वडा नं ५, काण्णा पहिरो वडा नं ६, साकेखोला पहिरो, सुकारागा वडा नं ६, सिउरेगौडा पहिरो वडा नं ६, लाटेखोला पहिरो वडा नं ६, बलै आधारो खोला पहिरो वडा नं ६, बड्डामाडु पहिरो वडा नं ६, तुसार खोला पहिरो वडा नं ७, १९.गंगेखोला पहिरो वडा नं ७, पीनालेखि पहिरो वडा नं ७, बण्डोखोला पहिरो वडा नं ७, पीलुखोला पहिरो वडा नं ८, आसिकार्ना पहिरो वडा नं ८, डाहुके पहिरो वडा नं ९, दहगडा मेहलडाली खोला पहिरो वडा नं ९, बालीपाटा पहिरो वडा नं ८, ओखरेनी पातल नसिगे पहिरो वडा नं ६, उधिकाध पहिरो वडा नं ४, नुवाकोट पहिरो वडा नं ४, नून थाउला पहिरो वडा नं ६, तिते धहडा पहिरो वडा नं ७, वथान कोट पहिरो वडा नं ४ प्रमुख पहिरोका रुपमा रहेका छन् ।

यस क्षेत्रमा वि.सं. २०८० मा गरीएको भूगर्भीक अध्ययनले, सम्भावीत पहीरोको कारण बस्ती, सडक, विद्यालय जस्ता संरचना जोखिम रहेका देखाएको छ जस्लाई भल काट्ने, चपरी पुर्ने जस्ता परम्परागत रैथाने ज्ञान सिप प्रविधीको प्रयोगले पनि नियन्त्रण गर्न सकिने सम्भावना छ । उक्त सम्भाब्य पहिरो मध्यको वडा नं १ को लुसाको पहिरो बस्तीको माथि रहेको छ जस्ले कम्तीमा २९ घर प्रभावीत पार्ने देखिन्छ । त्यसै गरी जाइकाट्टेको पहिरोले बाटो, नाली तथा १७ घर प्रभावीत पार्ने देखिन्छ । सेरी ज्यूला र इस्या विचमा रहेकोले खेतीपाती गर्ने जमिन प्रभावीत गर्ने देखिन्छ । वडा नं २ को सेरी ज्यूलाको माथि रहेको पहिरोले ३८ घर प्रभावीत पार्ने सम्भावना रहेको छ । त्यसै गरी भुन्जाको पहिरोले ९ घर परिवार प्रभावीत पार्ने सम्भवना रहेको छ । वडा नं ४ को श्री ककसीला प्राथमीक बिद्यालय मुनी रहेको कारयारीको पहिरोले ३५ घर प्रभावीत पार्ने सम्भावना रहेको छ । त्यसै गरी वडा नं ४ को डाँडाखेत र टिकुवा विचको पहीरोले ३० घर प्रभावीत पार्ने देखिन्छ । वडा नं ५ को प्रगती गाँउको पहिरोले ४० घर प्रभावीत पार्ने सम्भावना रहेको छ ।



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

यसै गरी वडा नं ५ को गैरीगाँउको पहिरोले ३५ घर परिवार प्रत्यक्ष असर पार्ने तथा प्रकारान्तरमा करीब ८० घर परीवार प्रभाव पार्ने देखिएकोमा, आइएफआरसीको सहयोगमा लागत प्रभावकारी पहिरो नियन्त्रण प्रविधीको प्रयोग गरेर पहिरो नियन्त्रण गर्ने प्रयास बि.सं २०८० मा भइसकेको छ । यसै गरी वडा नं ६ को बुहारीपाटा र बुढागाँउ बिचमा रहेको पहिरोले २२ घर प्रभावीत पार्ने देखिन्छ । वडा नं ७ को क्युरी र तल्लो मुम्रामा नालीमा स्खलन सुरु भइसकेको सम्भाब्य पहिरोको कारण २०० घर परीवार जोखिममा पारेको छ । त्यसै गरी वडा नं ९ को मुम्रामा रहेको पहिरोले ९० घर र खेतियोग्य जमिन प्रभाव पार्ने देखिएको छ । उक्त भूगर्भीक अध्ययनका अनुसार, यी पहिरोहरुलाई लागत प्रभावकारी पहिरो नियन्त्रण प्रविधीको प्रयोग गरेर रोकथामको प्रयास गर्दा १ करोड ३४ लाख, २५ हजार रुपैया लाग्ने देखिन्छ जसले जोखिममा रहेका ५५० भन्दा बढि घर परिवार, सडक, बिद्यालय लगायतका संरचना तथा खेतीयोग्य जमीनमा हुने प्रभावलाई न्यनीकरण गर्न सक्छ ।

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

## ३. सान्नी त्रिवेणी गाउँपालिकाको विपदको परिदृश्य

जोखिमसँग जोडिएका पालिका भित्रका परिदृश्यहरू - उत्तम, सम्भावित र सबैभन्दा खराब अवस्थाहरूमा आधारित ।

| अवस्था | योजना गरिएको अवस्थाको विवरण | पूर्वसुचना प्रणाली तथा ट्रिगरहरु | सबै भन्दा प्रभावित जनसंख्या | पूर्वानुमान गरिएको प्राथमिक आवश्यकताहरु |
|---|---|---|---|---|
| **उत्तम परिदृश्यहरु** | पहिरोको घटना अनुमान भन्दा बढी रहेको छ । गाउँपालिकाको श्रमजीवी समुदाय प्रभावित भएका छन् । स्थानीय अधिकारीहरू र मानवीय संस्थाहरूसँग स्थानीय आवश्यकताहरू सम्बोधन गर्ने क्षमता छ, स्थानीय विपद व्यवस्थापन समितीले आवश्यकता अनुसार स्थानीय स्तरका क्रियाशील निकायहरूसँग सहकार्य गर्दछ । | < १०, मानिसहरु प्रभावित भएका छन् | अति संकटासन्न मानिसहरु | खाना, पानी र जीविकोपार्जनको लागि सानो स्तरको सहयोग |
| **सम्भावित अवस्थाको परिदृश्य** | भारी वर्षाले ठूलो मात्रामा पहिरो निम्त्याएको छ। गाउँपालिकाको श्रमजीवी समुदाय बढी प्रभावित भएका छन् । स्थानीय निकायहरू र स्थानीय नागरिक समाज संगठनहरूसँग केही हदसम्म मानिसहरूको आपतकालीन आवश्यकताहरूलाई सम्बोधन गर्न स्रोत र क्षमता छ तर थप बाह्य सहयोग आवश्यक छ । गाउँपालिकाले सम्भावित सहयोगीहरूलाई प्रतिकार्यहरूमा सामेल हुन समन्वय गर्दछ। | १० देखि ५० मानिसहरु प्रभावित भएका छन् | साना किसानहरु, अति संकटासन्न मानिसहरु | आपतकालीन सहयोगः<br>पानी, खाना, गैर खाद्य वस्तुहरु तथा जीविकोपार्जन (नगद सहायता) |



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| **सबैभन्दा खराब अवस्थाको परिदृश्य** | विगतका वर्षहरूको तुलनामा पहिरोको अवस्था धेरै नराम्रो छ र वर्षायामको सुरुमा नै खोलाबाट पानी बाहिर निस्कन थाल्छ । अचानक बाढी आउने र बेमौसमी वर्षाले बाली नष्ट गर्ने अनुमान गरिएको छ । पहिरोले गर्दा कतिपय संकटासन्न क्षेत्रहरुका बासिन्दाहरुलाई अन्यत्र स्थानान्तरण गर्नु पर्ने हुन्छ । पहिरोले खेतीयोग्य जग्गाहरु पनि लाने अवस्था रहेको छ । मानिसहरूको आवश्यकता सबैभन्दा धेरै भएको ठाउँहरुमा गाउँपालिकाले सम्भावित सहयोगीहरूलाई सहयोग गर्न खुला आह्वान गर्दछ । | १०० भन्दा बढी मानिसहरु प्रभावित | किसानहरु, बालबालिकाहरु , अति संकटासन्न मानिसहरु | जीवन रक्षाका लागि सहायता — पानी, खाना, आवास, शिक्षा, स्वास्थ्य र गैर खाद्य वस्तुहरु |

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## ४. सान्नी त्रिवेणी गाउँपालिकाको प्रतिकार्य रणनीति

| परिदृश्यहरु | उद्देश्यहरु | क्रियाकलापहरु |
|---|---|---|
| उत्तम परिदृश्यहरु | सक्रिय हुनका लागि स्थितिको निगरानी | आवश्यकता अनुसार काम गर्न प्रभावित समुदायलाई सचेत गर्ने । |
| सम्भावित अवस्थाको परिदृश्य र<br>सबैभन्दा खराब अवस्थाको परिदृश्य | १. तत्काल जीवन बचाउनका लागि आवश्यक सहायतामा पहुँचलाई सुनिश्चित गर्न<br>२. गैरखाद्य वस्तुहरू, खानाको उपलब्धता सुनिश्चित गर्न<br><br>३. जीविकोपार्जनको प्रारम्भिक पुनर्स्थापना सुनिश्चित गर्न ।<br><br>४. निरन्तर सिकाइमा पहुँच सुनिश्चित गर्न | - सहयोग र कोषका लागि अन्तर्राष्ट्रिय गैर सरकारी संस्था जस्ता सम्भावित मानवीय क्रियाशील निकायहरूसँग सहकार्य गर्ने ।<br>- प्रतिकार्य गर्नका लागि निजी क्षेत्र, सरकारी निकायहरू, सशस्त्र, प्रहरीसँग समन्वय गर्ने<br>- सशर्त/निशर्त नगद र भाउचर सहायता (गैरखाद्य वस्तुहरू, खाना)<br>**सशर्त/निशर्त नगद र भाउचर सहायताका लागिः**<br>- सुधारिएको खानाको उपलब्धता<br>- उत्पादनका लागि सहायताः बीउ/औजार वितरण, सुधारिएको कृषि, पशुधन मार्फत खाद्य उत्पादनमा वृद्धि, बजारमा पहुँच र आपूर्तिहरूमा वृद्धि<br>**नगद मार्फत/ वितरणः**<br>- - प्रारम्भिक बाल विकास सम्बन्धी आपूर्ति<br>- - विद्यालय सम्बन्धी आपूर्ति (फर्निचर, बोर्ड)<br>- - सिकाइ र शिक्षण सामग्री<br>- - मनोरञ्जन र अतिरिक्त क्रियाकलापहरुको संचालन<br>ठूलो स्तरको आपतकालिन अवस्थामा, निम्न कुराहरुलाई विचार गर्न सकिन्छ ।<br>- सुरक्षित अस्थायी शिक्षा केन्द्रहरू स्थापना गर्नुहोस् र अस्थायी शिक्षा केन्द्रहरूमा खानेपानी आपुर्ती तथा स्वच्छता प्रवर्द्धनका सुविधा प्रदान गर्ने ।<br>- मनोसामाजिक सहयोगको विषयमा शिक्षकलाई प्रशिक्षण प्रदान गर्नुहोस । |



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## ५. सबैभन्दा सम्भावित र खराब परिदृश्यको लागि संचालनगत तथा पूर्व कार्यसंचालनगत योजना

| सबैभन्दा सम्भावित र खराबको योजना | योजना गरिएको क्रियाकलापहरु | जिम्मेवारी | क्षमता विकास |
|---|---|---|---|
| द्रुत आवश्यकता लेखाजोखा र विश्लेषण | १. महत्वपूर्ण राहत सामग्रीहरूमा पहुँचको सुनिश्चितता गर्न (सहायता दिनु पर्ने भएमा २० घण्टा भित्र निर्णय लिने)<br>- फिल्ड कर्मचारी वा सरकारी एजेन्सीहरू, प्रहरी, रेडक्रस द्वारा गरिएको आवश्यकता लेखाजोखामा भर पर्ने ।<br>- जानकारीमा पहुँच प्राप्त गर्न विषयगत क्षेत्र र संजाल बैठकहरूमा भाग लिने।<br><br>१. गैर खाद्य वस्तुहरुको उपलब्धता सुनिश्चित गर्न<br>- संघीय, प्रादेशिक सरकार, जिल्ला र अन्य सान्दर्भिक निकायहरूबाट द्वितीय आवश्यकता लेखाजोखाका तथ्यांकमा पहुँच प्राप्त गर्ने ।<br>- स्थानीय मानवीय सहायता निकायहरू मार्फत सम्भावित संयुक्त लेखाजोखा गर्ने ।<br>- गैर खाद्य वस्तुहरु र जीविकोपार्जन सहायताको लागि बहु-क्षेत्र आवश्यकताहरूको लेखाजोखा गर्ने ।<br>- तथ्यांक विश्लेषण<br>- जोखिम लेखाजोखा | | आपतकालीन अवस्थामा जीविकोपार्जनका लागि आवश्यकता लेखाजोखाका औजारहरु |



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | २. जीविकोपार्जनको पुर्व पुनर्स्थापना सुनिश्चित गर्न<br>- नेपाल सरकार, सामुदायिक सामाजिक संस्था र अन्य सान्दर्भिक निकायहरूबाट द्वितीय आवश्यकता लेखाजोखाको तथ्यांकमा पहुँच प्राप्त गर्ने ।<br>- नगदलाई सम्भावित ढांचाको रुपमा प्रयोग गर्न कति उपयुक्त छ भनेर निर्धारण गर्ने ।<br>- तथ्यांक विश्लेषण<br>- जोखिम लेखाजोखा<br><br>३. निरन्तर शिक्षाको सिघ्र पुनर्स्थापना सुनिश्चित गर्ने ।<br>- नगदलाई सम्भावित ढांचाको रुपमा प्रयोग गर्न कति उपयुक्त छ भनेर निर्धारण गर्ने ।<br>- तथ्यांक विश्लेषण<br>- जोखिम लेखाजोखा | | हस्तक्षेपको ढांचाको आधारमा आपतकालीन अवस्थामा शिक्षाको लागि आवश्यकता लेखाजोखाका औजार |
| लक्ष्यीकरण | निम्न कुराहरुको आधारमा निर्णय गर्ने :<br>- सरकार वा सम्बन्धित बाह्य निकायहरूबाट प्राप्त तथ्यांक<br>- सान्दर्भिक बाह्य संजालहरूसँग समन्वयमा भएका आवश्यकता लेखाजोखाको परिणामहरू<br>- गाउँपालिकाको भौगोलिक अवस्था माथि ध्यान केन्द्रित<br>- सीमान्तकृत समूहहरूमा विशेष ध्यान | | |



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| साझेदारी र विषयगत क्षेत्र समन्वय | १.महत्वपूर्ण राहत सामग्रीमा पहुँच सुनिश्चित गर्न<br>समन्वय - जिल्ला प्रशासन कार्यालय, सुरक्षा एजेन्सीहरू, जिल्ला विपद व्यवस्थापन समितिको विषयगत क्षेत्रका संयोजकहरू<br>कार्यान्वयन साझेदारहरू - स्थानीय सरकारका निकायहरू, र स्थानीय रूपमा सक्रिय सामुदायिक सामाजिक संस्थाहरु<br>२. गैर खाद्य वस्तुहरुको उपलब्धता सुनिश्चित गर्न<br>३. जीविकोपार्जनको सिघ्र पुनर्स्थापना सुनिश्चित गर्न<br>समन्वय - जिल्ला प्रशासन कार्यालय, विषयगत क्षेत्रका संयोजकहरू र जिल्ला विपद व्यवस्थापन समितिको<br>कार्यान्वयन साझेदारहरू - स्थानीय सरकार निकायहरू, र स्थानीय रूपमा सक्रिय सामुदायिक सामाजिक संस्थाहरु | | विभिन्न संघ संस्थाहरुबाट प्राप्त सिकाईहरु |
| अतिरक्त मानवीय श्रोतहरु | ठूलो स्तरको आपतकालिन अवस्थामा, अतिरिक्त कर्मचारी आवश्यक हुन् सक्छ | | |
| बन्दोवस्ती | - नगद हस्तान्तरण उपयुक्त हुन्छ भने यसका विभिन्न माध्यमहरुको पहिचान गर्ने<br>- यातायात, ढुवानी<br>- तथ्यांक संकलनका लागि उपकरण | | |
| सुरक्षा | - सुरक्षा लेखाजोखा<br>- सुरक्षा योजना अद्यावधिक<br>- प्राथमिक उपचार तालिम<br>- सुरक्षा उपकरणको उपलब्धता | | प्राथमिक उपचार तालिम |



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँपालिकाको कार्यपालिकाको कार्यालय
भैसलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| श्रोत परिचालन | - गाउँपालिकाको आकस्मिक कोष<br>- सहयोगी निकायहरुबाट प्राप्त सहायता | | |

नोटः सान्नी त्रिवेणी गाउँपालिकाको पहिरो आकस्मिक योजना निर्माण गर्दा अन्य स्थानीय सरकार तथा जिल्लाहरुमा प्रचलनमा रहेका आकस्मिक योजनाहरुलाई मध्यनजर गरीएको छ ।

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत



CamScanner